# ऐरावती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प.सं.२०८३/०८४
च.नं.

ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बरौंला, प्युठान लुम्बिनी प्रदेश, नेपाल

बरौंला,प्युठान
लुम्बिनी प्रदेश,नेपाल

## कवाडी कर असुलीका लागि शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना ।

सूचना न.१२/२०८३/०८४
(प्रथम पटक प्रकाशित मिति :२०८३/०५/२४)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ तथा ऐरावती गाउँपालिकाको आर्थिक ऐन, २०८३ को अनुसूची ५ बमोजिम आर्थिक वर्ष २०८३/०८४ का लागि निर्धारण गरिएको कवाडी कर यस कार्यालयबाट उठाउने कार्य शिलबन्दी दरभाउपत्र माध्यमबाट गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, संघ सस्था वा फर्मबाट तपसिलको शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.न. | कार्य विवरण | न्यूनतम ठेक्का रकम ( मु.अ.कर र अग्रिम आयकर सहित) | दरभाउ दस्तुर र पाइने स्थान | धरौटी रकम | शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम दिन | शिलबन्दी दरभाउपत्र खोलिने समय |
|---|---|---|---|---|---|---|
| १ | यस गाउँपालिका क्षेत्र भित्र कवाडी सामान उठाउने सम्बन्धी कार्य | रु.८५८७५.०० (अक्षेरुपी पचासी हजार आठ सय पचहत्तर मात्र) | रु.१००० (फिर्ता नहुने) ऐरावती गाउँपालिका | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम | २०८३/०५/३१ गते १२:०० बजे भित्र। | २०८३/०५/३१ गते १४:०० बजे पछी । |

### शर्तहरु

१. शिलबन्दी दरभाउपत्रसंगै व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र स्थायी लेखा नम्वर को प्रतिलिपि ,संस्था,फर्म वा कम्पनीको हकमा व्यवसाय दर्ता प्रमाण-पत्र ,नवीकरण, स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्र ,आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

२. शिलबन्दी दरभाउपत्र खरिद पुर्व अनिवार्य रुपमा फर्म सूचीकृत गर्नु पर्नेछ।

३. संकलन तथा बिक्री वितरण तोकिएको स्थानवाट मात्र गर्नु पर्नेछ।

४. कवोल अंक बराबरको रकम सम्झौता बखत एकमुस्ट रुपमा बुझाउनु पर्नेछ।

५. ठेक्का अवधि २०८४ असार मसान्त सम्म रहने छ। शिलबन्दी दरभाउपत्र फारम दस्तुर रकम यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेडको बरौला शाखामा रहेको आन्तरिक राजस्व खाता नं १८२०१४००००००७९ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नु पर्नेछ।

६. आफूले कवोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेडको बरौला शाखामा रहेको धरौटी खाता नं १८२०१४००००००३१ मा नगदै जम्मा गरी सोको सक्कल भौचर दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

७. महामारी बन्द हडताल वा अन्य कुनै प्रकारको अवरोध उत्पन्न भएमा कार्यालयले ठेक्का रकममा कुनै प्रकारको छुट वा क्षतिपूर्ति दिने छैन।

अन्य थप जानकारीको लागि ऐरावती गाउँपालिकाको वेबसाईट www.airawatimun.gov.np वा फोन न. ९८५१०६६८५० तथा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

२०८३/०५/२४
सरद गौतम
प्रमुख प्रशासकीय अधिकृत

सरद गौतम
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन, रोजगारीको बढाउँदै गति
शान्त, सुन्दर, समुन्नत बनाऔं ऐरावती"

Scanned with CamScanner